# मायादेवी गाउंपालिका

गाउंसभामा प्रस्तुत

आ.व. २०७५/७६ को

## पारित नीति तथा कार्यक्रम

**गाउंकार्यपालिकाको कार्यालय**

**रुपन्देही**

**प्रदेश नं. ५**

**८ आषाढ, २०७५**

अध्यक्ष एवं सदस्य महानुभावहरू

मायादेवी गाउपालिकाको यस गरिमामय गाउं सभामा आ.ब.२०७५।०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरव महसुस गरेको छु । राज्यको पुनः संरचना पश्चात जनताले देख्न,अनुभुति गर्न सकने स्थानीय सरकारको रूपमा हामी निर्वाचित भएपछि एक आ.ब.को बार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन अन्तिम चरणमा पुर्याउन लाग्दै गर्दा यस मायादेवी गाउंपालिकाको विकास र उन्नतिको लागि सकृय रूपमा अगाडि बढ्दै प्रभावकारी रूपमा दैनिक सेवा प्रवाह र विकास पथमा लाग्नु भएका सम्पूर्ण सभाका सदस्यहरूलाइ धन्यवाद ज्ञापन गर्दछु । लोकतान्त्रिक गणतन्त्र एवं स्वतन्त्रताको लागि विभिन्न आन्दोलनका क्रममा जीवन आहुति दिनुहुने शहीदहरु प्रति भावपूर्ण श्रद्धन्जली ब्यक्त गर्दछु ।

अध्यक्ष एवं सदस्य महानुभावहरू

आ व २०७५।७६ को नीति तथा कार्यक्रम तर्जुमाका सैद्धान्तिक आधारहरु

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचालन एन ,२०७४
- संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरू

- त्रिवर्षिय योजना
- स्थानिय तहको योजना तथा वजेट तुर्जुमा दिग्दर्शन २०७४
- सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त मार्गदर्शन तथा निर्देशनहरु
- बडा भेलाबाट प्राप्त योजनाहरू
- राजनितिक दल, विषयगत शाखाहरू ,निजि क्षेत्र तथा नागरिक समाजबाट प्राप्त सुझावहरु
- विषयगत समितिहरुको सुझावहरु
- बजेट तथा योजना तर्जुमा समितिको सिफारिस
- राजस्व परामर्श समितिको सुझाव
- सघीय र प्रदेश सरकारको आ.ब. २०७५।७६ को बजेट वक्तव्य
- सभाका सदस्यहरूका राय सुझावहरू ।
- मायादेवी गाउंपालिकाको एकिकृत विकास योजनाको प्रारम्भिक प्रतिबेदन ।
- स्थानीय तहको योजना बार्षिक बजेट दिग्दर्शन,२०७४ ।
- स्थानीय तहका विभिन्न कानूनहरू ।
- समय समयमा ब्यक्त प्रतिबद्धताहरू।

कृषि, उधोग, व्यापार र पर्यटन क्षेत्रबाट आर्थिक बृध्दि गर्दै विकासका सबै पुर्वाधार निर्माण गरी समृद्ध गाउँपालिका निर्माण गर्ने दीर्घकालिन सोच सहित विकासका सबै चरणहरुमा जनताको अर्थपुर्ण सहभागिता सहित सन्तुलित र चौतर्फी विकासको लागि मायादेवी गाउपालिकाको एकिकृत विकास योजना(गुरू योजना )अनुसरण गर्दै गाउंपालिकाले **सुखी र समृद्ध मायादेवी** भन्ने मुल मन्त्रका साथ आ.ब.२०७५/०७६ मा निम्न अनुसारको निति अबलम्न गर्ने छ ।

१. कृषिलाइ अर्थिक समृद्धीको मेरूदण्ड मान्दै **ब्यवसायिक कृषि पेशा अबलम्वन गरौं आत्म निर्भर बनौ** भन्ने उद्देश्यका साथ कृर्षिलाइ ब्यवसायिकरण तथा बजारीकरण गर्न अभिप्रेरित गरिने छ । अर्गानिक खेति गर्नेलाइ प्रोत्साहन गर्दै जैविक मल प्रयोगलाइ बढावा दिदै खेति योग्य जमिन बांझो राख्न नपाउने नीति अनुसरण गरिने छ ।

२. ब्यवसायिक कृषि तथा पशुपालन,फलफूल,दुग्ध,माछ्रापालन जस्ता ब्यवसायमा आकर्षक र आत्मनिर्भर बनाउन उचित प्राविधिक सहयोग सहित पकेट क्षेत्रको रुपमा विकास गर्दै लगिने छ । प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनालाइ प्रभावकारी रूपमा परिचालन गरिने छ ।

३. एक गाउं एक उत्पादन, एक वडा एक उद्यान र एक वडा एक पोखरीको नीतीलाई कार्यान्वनमा ल्याउन साझेदारीको नीति अवलम्बन गरिनेछ।

४. कृषि हाट बजारहरूको स्तरोन्ति विस्तार तथा गाउंपालिका मातहतमा रहने गरी ब्यवस्थापन गरिँदै लगिने छ । तरकारी संकलन केन्द्रको ब्यवस्थापनका लागि किसानहरूसंग साझेदारी गरिने छ ।

५. पशु स्वास्थ्य सम्वन्धी चेतनामूलक कार्यक्रम सचालन गरिने छ ।ब्यवसायिक रूपमा पशुपालन गर्ने कृषकलाइ प्राविधिक सहयोग सहित प्रोत्साहन गरिने छ ।

६. एक गाउं एक सहकारीको ब्यवस्था गर्न गाउंपालिकाले सहजिकरण गर्ने छ ।सहकारी संस्थाहरूको प्रभावकारी नियमन गरिने छ र उद्देश्य अनुरुप संचालन गर्न प्रेरित गरिने छ ।

७. स्थानीय विकास कोषद्वारा संचालित सामुदायि विकास कोष कार्यक्रमलाइ जिल्ला समन्वय समिति संग समनवय गरी कोष प्राप्ति गर्ने ,आवश्यकता अनुसार विस्तार गर्ने तथा कार्यविधि बनाइ ब्यवस्थित गरिने छ ।

८. उद्योग तथा वाणिज्य क्षेत्रको विकास,विस्तार र संचालनमा सहज वातावरण सृजना गर्दै स्थानीय जनताले आयआर्जन गर्ने अवसर सृजना गर्ने तर्फ जोड दिइने छ ।

९. स्थानीय लोक संस्कृतिको विकास गर्दै आन्तरिक तथा बाह्य पर्यटकहरुलाइ आकर्षण गर्न होम स्टे संचालन गर्न जागरूक हुने समुदायलाइ सहयोग गरिने छ । गाउंपालिका क्षेत्र भित्र रहेका पुरातात्विक, सास्कृतिक, ऐतिहासिक, धार्मिक ,पर्यटकिय निधीहरुको पहिचान, संरक्षण र प्रवर्धन गर्दै जाने निति लिइने छ।

१०. **गुणस्तरीय शिक्षा मायादेवीको प्रतिबद्धता** भन्ने मुल धेय सहित सबै बालबालिकालाइ विद्यालयमा **अनिवार्य पठाउं,सिकाउं र टीकाउं** भन्ने अभियान सहित  सामुदायिक, धार्मिक विद्यालयहरूमा भौतिक पुर्वाधार विकास संग संगै गुणस्तरीयता अभिबृद्धीमा जोड दिइने र राम्रो नतिजा ल्याउने विद्यालयहरूलाइ पुरस्कृत तथा सम्मान गरिने छ । कमजोर आर्थिक अवस्थाका कारण विद्यालय जान नसक्ने अवस्थाका बालबालिकाहरुको लागि जनप्रतिनिधिहरू, कर्मचारीहरू, शिक्षकहरू, समाजका प्रतिष्ठित ब्यक्ति, समाजसेवीहरूबाट शैक्षिक अभिभावकत्व ग्रहण गरी विद्यालय पठाउने र टिकाउने नीति अनुसरण गरिने छ ।

११. मायादेवी गाउंपलिका भित्रका सामुदायिक र संस्थागत विद्यालयको वीचमा स्वच्छ प्रतिस्पर्धाको  वातावरण सृजना गर्ने नीति लिइनेछ ।बालबालिकाको भर्नादर बढाउन र विद्यालय छाड्ने दर घटाउन बाल

मैत्री वातावरण सृजना गरी खेल्दै सिक्दै कार्यक्रम सहित प्रविधि सहितको शिक्षामा जोड दिइने छ ।

१२. देशमा राजनीतिक परिवर्तनले पूर्णता पाइ सबै मिलेर समृद्धी तर्फ लाग्ने समय आएकोले अब शिक्षक कर्मचारीहरुले राजनीति गर्ने होइन पेशागत मर्यादा पालन गर्नु पर्दछ भन्ने गाउपालिकाको मान्यता रहेको छ । तसर्थ पेशागत मर्यादा अनुसरण गर्न सबैलाइ अभिप्रेरित गर्ने नीति लिइएको छ ।

१३. फरक क्षमता भएका ब्यक्ति तथा आर्थिक अवस्था कमजोर रहेका ब्यक्तिहरूलाइ रोजगारी मुलक उच्च शिक्षा हासिल गर्न छात्रबृत्ति उपलब्ध गराउने नीति लिइने छ ।लक्षित बालबालिकाहरूलाइ प्रदान गर्दै आएको छात्रबृत्ति कार्यक्रमलाइ निरन्तरता दिइने छ ।

१४. प्रविधियुक्त शिक्षाका लागि शिक्षक तथा विद्यालयहरूको क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।

१५. बाल बालिकाहरूको प्रतिभा प्रष्फुटनका लागि शैक्षिक महोत्सव संचालन गरिने छ ।

१६. विद्यालयहरूको नियमितता र गुणरतरीयताका लागि प्रधानाध्यापकहरूलाइ जिम्मेवार बनाइने छ।विद्यालयहरूमा क्रमशः विद्युतीय हाजिरी लागु गरिने छ ।

१७. खेलकुद विकासका लागि खेलकुद विकास समिति गठन गरी खेलकुदका कायर्यकम अगाडी बढाइनेछ।एक स्थानीय तह एक खेल मैदान निर्माणका लागि प्रदेश सरकार संग समन्वय गरी निर्माण गरिनेछ ।

१८. शैक्षिक वातावरण सुधारका लागि नमूना विद्यालयहरूको भ्रमण गराइनेछ।

१९. प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउन स्वास्थ्य केन्द्रकहरुको सुधार तथा स्तरबृद्धी गरिने नीति लिइने छ ।नेपाल सरकारको एक स्थानीय तह एक अस्पताल नीति कार्यान्वयन गराउन मायादेवी ३ बरेबामा अस्पताल निर्माण गरी संचालन गर्न संघ र प्रदेश सरकारलाइ विशेष अनुरोध गरिन्छ ।

२०. बर्थिङ सेन्टरलाइ २४ सै घण्टा ब्यवस्थित तरिकाले संचालन गरिने छ साथै एम्बुलेन्स संचालन गर्ने नीति लिइएको छ ।

२१. रोग लाग्नु भन्दा रोगको बाटो छेक्नु उत्तम हुने हुदा जनताको स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकारलाइ सुनिश्चित गर्न जनस्वास्थ्य आयुर्वेद तथा होमियोप्याथीकका विभिन्न विधिहरुलाइ अवलम्वन गरी प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउने नीति लिइएको छ ।

२२. अत्यावस्यक औषधीको अभाव हुन नदिने नीति अबलम्वन गरिने छ ।

२३. लक्षित वर्ग तर्फको बजेट तथा कार्यक्रममा स्वरोजगारमा आधारीत आयमुलक योजना छनौटमा प्राथमिकता दिईने छ।

२४. जेष्ठ नागरिकहरूलाइ सम्मान गरिने छ । फरक क्षमता भएका ब्यक्तिहरूलाइ उनिहरूको आवश्यकता अनुसार सहयोग गरिने छ ।सबै लक्षित समुदायहरुलाइ सशक्तिकरण हुन अभिप्रेरित गरिने छ ।

२५. स्वच्छ खानेपानी तथा सरसफाइ को ब्यवस्थापन गर्दै लगिने छ । सरसफाइलाइ मानव सभ्यताको रूपमा हेरी पूर्ण सरसफाइ युक्त गाउंपालिकाबनाउन जोड दिइने छ । आर्शनिकबाट सुरक्षित खानेपानी ब्यवस्थापन गर्ने तथा सबै नागरिकहरूलाइ आधारभूत स्वच्छ खानेपानी उपलब्ध गराउन संधीय सरकार र प्रदेश सरकार संग सहकार्य गरी स्वच्छ खानेपानीको ब्यवस्थापन गरिदै जाने नीति लिइएको छ ।

२६. लैगिंक समानता तथा सामाजिक समाबेसीकरणको माध्यमबाट मात्र समाजको रूपान्तरण हुने हुदा सचेतनामूलक कार्यक्रमको माध्यमबाट भेदभावरहित समाज बनाउन जोड दिइने छ । लैगिंक तथा जातीय भेदभावलाइ निरूत्साहित गरिने छ ।

२७. यस गाउंपालिकाको  दीर्घकालिन सोच सहित मायादेवीको एकिकृत विकास योजनाको अनुसरण गरी गुणस्तरीय र दीगो विकास गर्ने नीति अबलम्बन गरिनेछ ।

२८. सुन्दर र सुरक्षित गाउंपालिका निर्माण गर्न स्वीकृत मापदण्ड पुरा गर्ने पुर्वाधारमा  लगानी गर्ने नीति अनुसरण गरिनेछ। २०७५ श्रावण १ गते देखि नक्सापास गरेर भवन तथा  भौतिक संरचनाहरू बनाउनु पर्ने नीति लिइएको छ । अव निर्माण हुने  भवन तथा भौतिक संरचनाहरू सडकको अधिकार क्षेत्र र सेट ब्याक छोडेर मात्र निर्माण गर्नु पर्ने  नीति लिइएको छ ।

२९. आयोजनाको दिगोपना, प्रभावकारिता, मितव्ययीता, कार्यकुशलता कायम गर्न मागमा आधारीत सहभागितामुलक योजना छनौट तथा कार्यान्वयन प्रणालीको अवलम्बन गरिने छ।

३०. सडक यातायातलाइ प्राथमिकताका आधारमा स्तरबृद्धी गर्दै लगिने छ तथा पक्की सडक निर्माणमा जोड दिइने छ ।अधुरा योजना सम्पन्न गर्न जोड दिइने छ ।

३१. गाउंपालिकास्तरमा ठूला योजना निर्माण गर्ने तथा प्राथमिकताका आधारमा बढी महत्वपूर्ण योजना पहिला संचालन गर्ने नीति लिइने छ ।

३२. ठूला योजना तथा पुल निर्माणको लागि संघीय  सरकार र प्रदेश सरकारलाइ अनुरोध गरि कार्यान्वयन गर्ने नीति अनुसरण गरिने छ ।

३३. सिंचाइलाइ प्राथमिकता दिदै कृषकको माग र औचित्यको आधारमा सिचाइ योजना संचानल गरिने  नीति लिइने छ । अनावश्यक रूपमा भूमिगत पानी खेर जान नदिने नीति लिइने छ ।

३४. गाउंपालिकाको प्रशासकीय भवन निर्माण कार्य  २ बर्ष भित्रमा सम्पन्न गर्ने र भवन नभएका वडाहरुमा  बर्षमा १ वडा कार्यालयको प्रशासकीय भवन सम्पन्न गर्ने नीतिलाइ निरन्तरता दिइने  छ । जिल्ला समन्वय समितिको खातामा रहेको रकम भवन निर्माण प्रयोजनमा प्राप्तिको  लागि अनुरोध गरिने छ ।

३५. अव बन्ने सरकारी तथा निजी भवनहरू भुकम्पीय सुरक्षित बनाउने नीति अबलम्वन गरिने छ । सरकारी भवनहरू बालमैत्री,अपाङग मैत्री बनाउनु पर्ने छ । राष्ट्रिय भवन निर्माण मापदण्ड अनुसरण गरिने छ ।

३६. बैकल्पिक उर्जा अन्तरगत सौर्य सडक बत्तीमा लागत सहभागिता नीति अनुसरण गरिने छ । बैकल्पिक उर्जा कार्यक्रमलाइ अनुदान उपलब्ध गराउन संघीय सरकार र  प्रदेश सरकारलाइ अनुरोध गरिने छ ।

३७. सबै वडा कार्यालयहरूमा इन्टरनेट ब्यवस्थापन गरि  २०७५ श्रावण १ गते देखि ब्यक्तिगत घटना अन लाइन दर्ता गरिने छ।

३८. विधुतको विस्तार र क्षमता बृद्धीका लागि नेपाल विधुत प्राधिकरण संग सहजिकरण गरी उधोग धन्दा तथा कृषकहरूको आवश्यकता पूर्ति गर्दै ग्रामिण विधुतिकरणमा प्राथमिकता दिइने छ ।

३९. उपभोक्ता समितिमार्फ गरिने योजनाहरू स्थानीय श्रम,सिप,प्रविधिमा संचालन हुन सक्ने मात्र हुनु पर्ने तथा उपभोक्ताले जिम्मामा लिने काम ठेक्कामा दिन नपाइने नीति पूर्णरूपमा कार्यान्वयन गरिने छ । ५ लाख भन्दा ठूला योजनाहरूको गुणस्तर परिक्षण गर्ने नीति अनुसरण गरिने छ ।

४०. गाउंपालिका स्तरका सडकहरू मर्मत संहार गरि नियमित रूपमा संचालन गर्न मर्मत संहार कार्यक्रमको ब्यवस्था गरिने छ । गाउंपालिका भित्रका सडकहरूको पर्यावरणीय शुल्क उठाइ सोही सडकको मर्मत संहारमा लगानी गर्न प्राथमिकता दिइनेछ ।

४१. निजी जग्गा तथा सार्वजनिक जग्गामा पर्ने सडकहरूको लगत कट्टा गरि सार्वजनिक बाटो कायम गर्ने कार्यको थालनी गरिने छ ।

४२. प्रदेश सरकारको एक स्थानीय तह एक बहुउद्देश्यी सामुदायिक भवन र एक खेल मैदान निर्माण गर्ने नीति अनुरूप प्राप्त बजेट सोही प्रयोजनमा खर्च गरिने छ ।

४३. वातावरण संरक्षण,तथा भू संरक्षण, जलाधार संरक्षणमा जोड दिइने छ ।नदी किनारा,सार्वजनिक जग्गा,सडक किनारा,औद्योगिक

क्षेत्र,विद्यालय परिसर,सरकारी कार्यालय परिसर,निजि बन ताल पोखरीको छेउ जस्ता स्थानहरूमा बृक्षारोपण कार्य प्रभावकारी रूपमा संचालन गरिने छ । एक गाउं एक पोखरी संरक्षण नीति अबलम्वन गरिने छ ।

४४. एक घर २ विरुवा भन्ने सन्देशका साथ हरेक नया बन्ने घर धनीहरुलाइ विरुवा लगाइ हुर्काउन अभिप्रेरित गरिने छ ।

४५. औधोगिक क्षेत्रमा विरुवा लगाइ हरियाली कायम गर्न आब्हान गरिने छ ।

४६. एक वडा एक पार्क कार्यक्रम संचालन गरिने छ ।

४७. सबै पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूबाट कम्तिमा २ विरूवा लगाउने र हुर्काउने नीति प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइने छ ।

४८. **"सफा घर, टोल र बस्ति यसैमा छ मायादेवीको पहिचान र प्रगति"** भन्ने नाराका साथ स्थानीय टोल विकास समितिलाइ सकृय बनाउदै फोहरमैला ब्यवस्थापनको उचित प्रबन्ध गर्न जोड दिइने छ ।फोहर उत्पादन गर्नेबाटै ब्यवस्थापन गर्नु पर्ने नीति अबलम्वन गरिने छ।

४९. प्लाष्टीकको प्रयोगलाइ क्रमश कम गर्दै जान शुरूमा कालो प्लाष्टिक प्रयोगमा रोक लगाइने छ ।यसका लागि सरोकारवाला सबैको सहयोगको अपेक्षा गरिएको छ ।

५०. स्थानीय विपत ब्यवस्थापन समितिलाइ  प्रभावकारी बनाइने छ । विपत जोखिम न्यूनिकरणकार्यमा सचेतनामूलक कार्यक्रम संचालन गरी न्यून जोखिमको वातावरण बनाउने तथा उद्दार र राहत ब्यवस्थापन गर्न विपत ब्यवस्थापन तथा आकस्मिक कोषको ब्यवस्था गरिने छ ।

५१. मायादेवी गाउपालिका हुदै बग्ने तिनाहु, दानव घाघरा नदीमा संघीय तथा प्रदेश सरकार संगको सहयोग र सहकार्यमा जनताको तटबन्ध परियोजना  मार्फत नदी नियन्त्रण तथा किनारामा सडक निर्माण गरी करिडोरको रुपमा विकास गर्ने नीति अबलम्वन गरिने छ ।

५२. सुरक्षित भवन निर्माणको लागि नागरिकहरूलाइ अभिप्रेरित गर्ने नीति अबलम्वन गरिने छ

५३. सार्वजनिक जग्गाको पहिचान, अभिलेखन, संरक्षण गर्दै उचित उपयोग गरिने निति अबलम्वन गरिने छ ।

५४. दमकल ब्यवस्थापन तथा संचालनको लागि स्थानीय तहहरू वीच सहकार्य र साझेदारीको नीति अबलम्वन गरिने छ ।

५५. सुशासन युक्त चुस्त प्रशासन संयन्त्रको विकास गरिने छ । पदाधिकारीहरूलाइ जवाफदेही बनाउदै योजना तथा कार्यक्रमहरूको प्रभावकारी अनुगमन र कार्य सम्पादनमा सहजिकरण गर्ने संयन्त्रको रूपमा विकास गरिने छ ।

५६. कर्मचारीहरूलाइ अनुशासित र सेवाग्राही प्रति उत्तरदायी बनाउदै उत्प्रेरित गराइ उच्च मनोबलका साथ सेवा प्रवाह प्रभावकारी रूपमा संचालन गराउने तथा अनुभव ,कार्यक्षमता, इमान्दारिताका आधारमा राम्रो काम गर्नेलाइ प्रोत्साहन र खराव काम गर्नेलाइ सुधार तथा दण्डीत गरिने नीति अबलम्वन गरिने छ ।पुरस्कार,बृत्ति विकास,क्षमता अभिबृद्धीको अवसरलाइ कार्य सम्पादनमा आधारित बनाइने छ ।

५७. मन्त्रायबाट प्राप्त प्रस्तावित संगठन संरचनालाइ सामान्य परिमार्जन सहित पारित गरेर संगठन संरचना अनुसार रिक्त पदहरु पदपूर्तिको लागि सम्वन्धित निकायमा अनुरोध गर्ने तथा तत्काल आवश्यक पर्ने कार्यालय सहयोगी,हल्का सवारी चालक र प्राविधिक कर्मचारीहरू करारमा लिइ सेवा प्रवाहलाइ शुचारू राख्ने नीति लिइने छ ।कर्मचारीहरूको समायोजन यथाशीघ्र गरी कर्मचारीहरूमा रहेको मनोबैज्ञानिक विविधता हटाउन संघीय सरकारलाइ विशेष अनुरोध गरिन्छ ।

५८. संस्थागत क्षमता विकास गर्दै लैजान कर्मचारीहरुलाइ क्षमता विकास तालिम सिपमूलक तालिम,गोष्ठी तथा पदाधिकारीहरूलाइ नेतृत्व विकास तालिम दिने नीति अवलम्वन गरिने छ ।

५९. पारदर्सिता र उत्तरदायित्व कायम गर्दै सुशासन कायम गर्न वडा तह सम्म नै नागरिक बडा पत्र, उजुरी पेटीकाको ब्यवस्था गरिने छ ।

६०. सामाजिक सुरक्षा भत्ता बैंक मार्फत सहज तरिकाले वितरण गर्ने नीति अबलम्वन गरिने छ ।

६१. सार्वजनिक वित्तीय जोखिम न्युनीकरणका लागि पेश्कीलाई निरुत्साहित गर्दै वेरुजु शुन्यको नीति अवलम्बन गरिनेछ।

६२. करका दायराहरु फरालिलो बनाउदै लगिने छ । एकिकृत सम्पत्ति कर २०७५ श्रावण १ गते देखि लागु गरिने छ ।ब्यवसायीहरूलाइ आफ्नो ब्यवसाय ब्यवस्थित रूपमा संचालन गराउन उद्योग वाणिज्य संघ मायादेवी शाखा,राजस्व कार्यालय लगायत सरोकार निकायहरूको समन्वयमा अभिप्रेरित गरिने छ । आफ्नो ब्यवसाय अनिवार्यरूपमा सम्वन्धित वडा कार्यालयमा दर्ता गरी ब्यवसाय संचालन गर्नु पर्ने नीति अबलम्वन गरिने छ ।

६३. न्यायिक समितिलाइ प्रभावकारी बनाइ सुलभ र सहज तरिकाले न्याय सम्पादन गरिने नीति लिइने छ । सबै वडामा मेलमिलाप केन्द्र

गठन गरी मेलमिलापको माध्यमबाट **सामाजिक सद्भाव सहितको मायादेवी** निर्माण गर्ने नीति अवलम्वन गरिने छ ।

६४. सेवा प्रवाहलाई मुस्कान सहितको (service with smile) को नीति लिइने छ। कर्मचारी र जनप्रतिनिधि जनताका सेवक हुन् भन्ने अनुभुति हुने गरी सेवा प्रवाह गरिने छ ।

६५. कर्मचारी र राजनीति वीच अन्तर सम्वन्धलाइ सेवा प्रवाह संग आवद्ध गरिने छ र अन्तर सम्वन्धलाइ ब्यवस्थित गर्न पदाधिकारीहरूको र कर्मचारीहरूको काम कर्तब्य र अधिकारलाइ अहस्तक्षेपकारी तरिकाले समन्वयात्मक ढंगले पालना गर्ने नीति अबलम्वन गरिने छ ।

६६. सार्वजनिक सुनुवाइ कार्यक्रम ,सामाजिक परीक्षण गरी पारदर्शीता जवाफदेहीता सुनिस्चत गरिनेछ ।

६७. आन्तरिक लेखा नियन्त्रण प्रणाली अबलम्वन गर्दै आन्तरिक तथा अन्तिम लेखा परीक्षण समयमै सम्मपन्न गराउदै बेरुजु फछ्र्यौट कार्यलाइ प्राथमिकता दिइने छ ।

६८. सुशासन युक्त संरचनाको रूपमा गाउंपालिकालाइ स्थापित गरिने छ ।

६९. संघीय सरकार र प्रदेशसरकार संगको सहकार्यमा संचालन हुने परियोजनाको लागि समपुरक कोषको ब्यवस्था गरिने छ ।

७०. संघ,प्रदेश संग समन्वयको आधारमा स्थानीय सरकार संचालन हुने छ । ठूला योजनाहरु संघ र प्रदेश सरकार संगको सहभागितामा संचालन गर्ने नीति अबलम्वन गरिने छ ।

७१. राम्रो काम गर्ने उपभोक्ता समिति र राम्रो काम गर्ने कर्मचारीलाइ पुरस्का तथा सम्मानको ब्यवस्था गरिने छ ।

७२. गाउं ब्लक जग्गाको लालपूर्जा उपलब्ध गराउन नापी कार्यालय संग समन्वय गरी अगाडि बढीने नीति अबलम्वन गरिने छ

अन्त्यमा यस गाउँपालिकाले दिर्घकालिन सोच, उदेश्य, प्राथमिकताका साथ अघि सारेका नीति तथा कार्यक्रमको सफल कार्यान्वयनले यस गाउँपालिकालाई समृध्द बनाउन योगदान पुराउने कुरामा विश्वास राख्दै नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुर्याउनुहुने सम्पुर्ण, सभाका सदस्यज्यूहरू, विषयगत समितिका पदाधिकारीहरू, बुध्दिजिवि, समाजसेवी, शिक्षक, प्राध्यापक, राष्ट्रसेवक कर्मचारीहरू लगायत सबैलाई हार्दिक धन्यवाद दिदै नीति तथा कार्यक्रमहरू अनुसार यस

गाउंपालिकालाइ **सुखी र समृद्ध मायादेवी** बनाउन सबैको साथ,सहयोग र सहकार्यको आशा र विश्वासका साथ  विदा माग्दछु ।

२०७५/०३/०९

धन्यवाद, जय मायादेवी ।

अध्यक्ष
ध्रुब नारायण चौधरी
मायादेवी गाउँपालिका, रूपन्देही